का.जि.प्र.का.द.नं. १००/०५९/६०
❒ वर्ष १९, अंक १३१
❒ १२ असार २०७८, शनिबार
❒ 26 Jun 2021, Saturday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

## पार्टी, पद र सुविधा गुमाउँदै पूर्वमाओवादी

**राजेन्द्र प्रजापति/मध्यान्ह**
काठमाडौं, ११ असार ।

प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारमा सहभागी हुँदै नेकपा माओवादी केन्द्र परित्याग गरेका नेताहरुले लगातार पद, पार्टी र सुविधा गुमाइरहेका छन् । तर नेकपा एमालेभित्र समेत उनीहरुको अवस्था के हुने भन्ने निश्चित छैन । माओवादी केन्द्र छोडेर एमालेतिर लाग्ने समूहको नेतृत्व गर्ने पूर्वमाओवादी नेता रामबहादुर थापा बादलले त राष्ट्रियसभा उपनिर्वाचनमा समेत पराजित भएका छन् ।

६ वर्षे कार्यकालका निम्ति निर्वाचित बादल माओवादी छोडेपछि गएको ५ वैशाखमा पदमुक्त भएका थिए । उक्त स्थानमा भएको उपनिर्वाचनमा बादल एमालेकै अर्का समूह माधवकुमार नेपाल उम्मेद्वार डा.खिमलाल देवकोटासँग पराजित भएका छन् । बादलसँगै लुम्बिनी प्रदेशबाट राष्ट्रियसभामा निर्वाचन चन्द्रबहादुर खड्का समेत उपनिर्वाचनमा पराजित भएका छन् । उक्त स्थान खड्का एमालेतिर लागेकैले रिक्त भएको थियो ।



**साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन पछि नेकपा एमालेतिर लागेका पूर्वमाओवादी नेताहरूले एकपछि अर्कोगरी पद, हैसियत र सुविधा गुमाइरहेका छन् । शुक्रबार मात्रै स्थानीय तहका १४ जनप्रतिनिधि पदमुक्त भएका छन् ।**

राष्ट्रियसभा सदस्य पदमा पराजित भएपछि बादल गृहमन्त्रीबाट समेत पदमुक्त भएका छन् । बादलसँगै माओवादी तर्फका नेताहरु लेखराज भट्ट, टोपबहादुर रायमाझी, मणि थापा, प्रभु साह, गौरीशंकर चौधरी र दावा लामा समेत पदमुक्त भएका थिए । थापा र लामा गैरसांसद हुन् । तर बाँकी भट्ट, रायमाझी, चौधरी र साहले एमालेतिर लागेकैले प्रतिनिधिसभा सदस्य पदमुक्त भएका छन् ।

सँगै प्रदेशसभा सदस्यहरुमा प्रदेश १ बाट एक जना, प्रदेश २ बाट चार जना, लुम्बिनीबाट दुई जना, कर्णालीबाट एक जना र सुदूरपश्चिम प्रदेशबाट एक जना पदमुक्त भएका छन् । एमालेतिर लागेपनि स्थानीय तहका जनप्रतिनिधि कायमै थिए । तर शुक्रबार निर्वाचन आयोगले सूचना प्रकाशित गरेसँगै १४ जनप्रतिनिधि पनि पदमुक्त भएका छन् ।

निर्वाचन आयोगले दल त्याग तथा पद रिक्ततासम्बन्धी प्रकाशन गरेको सूचनानुसार उनीहरु माओवादी केन्द्रका तर्फबाट विस २०७४ को स्थानीय तहको निर्वाचनमा निर्वाचित जनप्रतिनिधि हुन् । पद रिक्त स्थानीय तहका पदाधिकारी र सदस्यमा रौतहटका सात, कैलालीका चार तथा ओखलढुङ्गा, महोत्तरी र सिरहाका एकएक जनप्रतिनिधि छन् ।

निर्वाचन आयोगका अनसार, रौतहट मौलापुर नगरपालिकाका प्रमुख रिनाकुमारी साह, रौतहट कटहरिया नगरपालिकाका प्रमुख सियारामप्रसाद कुशवाहा, रौतहट देवानी गोनाही नगरपालिकाका उपप्रमुख परनिया देवी, रौतहट मौलापुर नगरपालिकाका उपप्रमुख गौरीशंकरप्रसाद, रौतहटकै फतुवाविजयपुर नगरपालिकाका उपप्रमुख कान्ति देवी, रौतहटकै माधवनारायण नगरपालिकाका उपप्रमुख सिमलकुमारी साह लगायत छन् । बाँकी पृष्ठ २ मा



म्याग्दीका धवलागिरि गाउँपालिका-७ धारापानीमा बाख्रा चराउन चरणक्षेत्र लैजाँदै किसान । तस्वीर : कमल खत्री

## ‘संविधान नमान्ने राष्ट्रपतिलाई महाअभियोग’

**राष्ट्रपतिले गरेको निर्णयहरुमा न्यायिक पुनरावलोकन हुने बरिष्ठ अधिवक्ताहरुले तर्क गरेका छन् । प्रधानमन्त्री नियुक्त नगरी संसद् विघटनको बाटो खुला गरेकी विद्यादेवी भण्डारीले आफ्नो निर्णयमा पुनरावलोकन हुन नसक्ने लिखित जवाफ पठाएकी थिइन् ।**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ असार ।

राष्ट्रपतिले गरेको निर्णयमा न्यायिक पुनरावलोकन हुनसक्ने अधिबक्ताहरुले तर्क गरेका छन् । प्रतिनिधिसभा विघटन विरुद्ध परेको रिट निवेदकका तर्फबाट बहस गर्दै अधिवक्ता टिकाराम भट्टराईले राष्ट्रपतिले गरेको निर्णयमा पुनरावलोकन हुने बताएका छन् । भट्टराईले न्यायिक पुनरावलोकन हुने मात्रै नभएर महाअभियोग समेत लगाउन मिल्ने संवैधानिक व्यवस्था रहेको तर्क गरे ।

पहिले राजाले गरेको निर्णयमा पुनरावलोकन नहुने भएपनि अहिलेको संविधानले राष्ट्रपतिलाई त्यो अधिकार नदिएको तर्क गरे । “राष्ट्रपतिबाट भए गरेका कामकारबाहीहरु न्यायिक पुनरावलोकन हुन्छ । संविधानको धारा १३३, २८६ र १३५ बाहेक अन्य सबै विषयमा न्यायिक पुनरावलोकनभित्र पर्छन् । राष्ट्रपतिबाट न्यायिक पुनरावलोकन हुँदैन भनेर पठाएको लिखित जवाफ गलत छ । असंवैधानिक छ । यसको जवाफ के आउँछ हामी सुनौला र त्यसको पनि जवाफ दिउँलो”, भट्टराईले तर्क गरे ।

भट्टराईले दुई जना (केपी ओली र शेरबहादुर देउवा) को दावी पर्दा दुवैको दावी पुग्दैन भनेर निर्णय नगर्ने अधिकार नभएको बताए । “४/५ जनाको दावी पऱ्यो भने पनि एक जनालाई नियुक्त गर्नुपर्छ । राष्ट्रपतिलाई निर्णय नगर्ने अधिकार छैन । संवैधानिक कर्तव्य पालना नगर्ने राष्ट्रपतिलाई महाअभियोग लगाउने करिपल्ना संविधानले गरेको छ”, उनको तर्क छ ।

वरिष्ठ अधिवक्ता श्रीहरि अर्यालले नेपालको संविधानले राष्ट्रपतिलाई छुट्टै अधिकार नदिएको तर्क गरे । अधिवक्ता सुनिल पोखरेलले नेपालको संविधानले प्रतिनिधिसभा विघटन बाध्यात्मक अवस्थामा मात्र गर्न सकिने र अहिलेको अवस्थामा विघटन गर्न नहुने बताए । ७६(५) अनुसार विश्वासको आधार देखाउने स्थान संसद् भएको र यसको प्रयोग राष्ट्रपतिले गर्ने नमिल्ने तर्क गरे ।

अधिवक्ता दिनमणि पोखरेलले प्रधानमन्त्रीले मार्ग प्रशस्त गरी संविधानको संरक्षण गर्नुपर्नेतर्क गर्दै जसरी पनि विघटन गर्ने र आफैंले मात्र चुनाव गराउँछु भनेर विश्वासको मत गुमाएको व्यक्तिले भन्न नमिल्ने बताए । अधिवक्ता टिकाराम भट्टराईले संविधानको धारा ७५ (५) बमोजिम कसैलाई नियुक्ति गर्दिन भन्नु राष्ट्रपतिलाई अधिकार नभएको जिकिर बाँकी पृष्ठ २ मा

## श्रीलंकामा जेल परेका २५ महिला कामदारको उद्धार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असार

नेपालबाट वैधानिकरुपमा घरेलु कामदार जान नपाएपछि दलालको फन्दामा परी श्रीलंका हुँदै खाडी मुलुक जाने क्रममा पक्राउ परेका २५ नेपाली महिलाको उद्धार गरिएको छ । श्रीलंकाको अध्यागमनले मानव तस्करलाई पक्राउ गरेपछि उनीहरुसँगै मुद्दा खेपिरहेका २५ जनालाई बिहीबार नेपाल फर्काइएको थियो ।

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले शुक्रबार पत्रकार सम्मेलन गरी उनीहरुलाई उद्धार गरी माइती नेपालको सेल्टरमा राखिएको बताएको छ । स्वदेश फिर्ता गर्नुपर्ने मध्ये एक जना महिलामा कोरोना भाइरस संक्रमण पुष्टि भएकाले उपचार भएपछि स्वदेश फर्काइने मन्त्रालयले जनाएको छ । उनीहरुलाई स्वदेश फर्किने जहाज टिकट तथा व्यवस्थापन खर्च सरकारले व्यहोरेको मन्त्रालयले बताएको छ ।

खाडीका विभिन्न देशमा नेपाली महिलाहरुलाई घरेलु कामदारको रुपमा जान रोक लगाएपछि मानव तस्करहरुले श्रीलंका र म्यानमार हुँदै ती मुलुक पठाउने गरेका छन् । सोही क्रममा नेपाली महिलाहरु पक्राउ परेका हुन् । तीन वर्षअघि अवैधरुपमा भारतको मणिपुर हुँदै म्यानमार लगिएका १ सय ७९ नेपाली महिलाहरुको उद्धार गरिएको थियो ।



उनीहरुमध्ये अधिकांश स्वदेशमा रोजगारको अवसर नपाएका पारिवारिक बेमेल र अपहेलानामा परी आर्थिक समस्यामा परेका महिला रहेको बताइएको छ । पत्रकार सम्मेलनमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री लीलानाथ श्रेष्ठले खुला सिमानाका कारण मानव बेचविखन भइरहेको भन्दै आपराधिक गतिविधिमा संलग्नलाई पक्राउ गरी कारबाही गर्ने बताए ।

महिला मन्त्रालयकी सचिव यामकुमारी खतिवडाले शिक्षा तथा चेतनाको अभाव, गरिबी र रोजगारी आदि कारणले नेपाली महिलाहरु रोजगारीका लागि अवैध बाटो हुँदै विदेश पुगेर अलपत्र पर्ने गरेको पाइएको बताइन् । यस वर्षमा मात्रै खाडीका विभिन्न मुलुक र भारतबाट अलपत्र अवस्थामा रहका १ हजार १ सय बढी महिला तथा बालबालिकालाई उद्धार गरिएको मन्त्रालयले बताएको छ ।

**वैदेशिक रोजगार विशेष**

### क्यूभीसीको सेवा सहज नभए आन्दोलन गर्ने संघको चेतावनी

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पटकपटकको छलफलपछि पनि वैदेशिक रोजगारका लागि कतार जाने नेपाली कामदारको भिसा प्रक्रिया सहज नभएको भन्दै एक हप्ता भित्र सेवा प्रवाहमा सुधार नभए कतार भिसा सेन्टर (क्यूभीसी) विरुद्ध आन्दोलन गर्ने चेतावनी दिएको छ ।

शुक्रबार विज्ञप्ति जारी गर्दै संघका कार्यवाहक अध्यक्ष कमल तामाङले भिसा अवधि सकिन लागेका र अन्य समस्या समाधानका लागि क्यूभीसीमा हेल्थ डेक्सको स्थापना हुनुपर्ने, क्यूभीसीको क्षमता विस्तार गरिनुपर्ने, पुनः स्वास्थ्य परीक्षण गर्नुपर्नेको हकमा एक हप्ता भित्रै गरिनुपर्ने, भारत, पाकिस्तानमा जस्तै नेपालमा पनि २४ सै घण्टा सेवा प्रदान गरी संघमार्फत पठाएको लिष्टको आधारमा नभई व्यवसायीले पठाएको लिष्टको आधारमा क्यूभीसी गरिनुपर्ने माग गरेका छन् । बाँकी पृष्ठ २ मा

## विपक्षीको विरोध कायमै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असार ।

कर्णाली, सुदूरपश्चिम र लुम्बिनी प्रदेशसभा शुक्रबार पनि चल्न सकेन । कर्णाली प्रदेशमा असार १ गते बजेट आएपछि पाँच पटक स्थगित भएको छ । शुक्रबार सदन शुरु भएलगतै नेकपा (एमाले)ले अवरोध गरेको थियो ।

**गण्डकी, कर्णाली, प्रदेश २ र सुदूरपश्चि प्रदेशमा विपक्षी गठबन्धनको सरकारले बजेट ल्याएको छ । तर प्रदेश १, बागमती र लुम्बिनीमा भने सत्तारुढ नेकपा एमालेको सरकारले बजेट ल्याएको छ ।**

बैठक आरम्भ भएसँगै एमाले प्रदेशसभा दलका प्रमुख सचेतक गुलाबजङ्ग शाहले असार १ गते बजेट प्रस्तुत गरेको १० दिन बितिसके पनि सरकारले संसद्को गाम्भीर्य नबुझेको बरु सरकार प्रमुख मुख्यमन्त्रीले एमालेभित्रको आन्तरिक किचलोले संसद् चल्न नसकेको भ्रम छरेको बताए ।

एमालेको सांसदहरूको कारण संसद् अवरुद्ध नभएको प्रष्ट्याउँदै सचेतक शाहीले भने, “एमालेको राजनीतिक मुद्दा संसद्मा राख्दा सरकारले सुनुवाइ गरेन । फरक परिस्थितिमा मन्त्री भएकाले सर्वोच्च अदालतले पुनर्बहाली गरिसकेपछि एमालेको दलको सदस्यको रूपमा उपस्थिति हुन गरेको निर्देशन सरकार र सदनले लागु गरेन ।”

सचेतक शाहले सरकारले स्थानीय तहमा समपूरक, समानीकरण, विशेष अनुदान घटाएको तर सशर्त अनुदान प्रदेशको पैसा भएकाले बढाएर रु एक अर्ब २ ९ करोड ९९ लाख पुऱ्याएको र कार्यकर्ता भरणपोषण गर्नका लागि योजना बाँडेको टिप्पणी गरे । अवरुद्ध बैठक अगाडि बढ्न नसकेपछि सभामुख राजबहादुर शाहीले यही १३ गते दिउसो २:०० बजेसम्मका लागि स्थगित भएको जानकारी दिए ।

सुदूरपश्चिम र लुम्बिनी प्रदेशसभा बैठक पनि प्रभावित भएको छ । गण्डकी, कर्णाली, प्रदेश २ र सुदूरपश्चि प्रदेशमा विपक्षी गठबन्धनको सरकारले बजेट ल्याएको छ । तर प्रदेश १, बागमती र लुम्बिनीमा भने सत्तारुढ नेकपा एमालेको सरकारले बजेट ल्याएको छ ।

तर बजेटमाथिको छलफल भने प्रभावित हुँदै आएको छ । विपक्षीको बहुमतबाट नीति तथा कार्यक्रम ल्याइएपनि बजेटमाथिको छलफल भने प्रभावित बनेको छ ।

# शैल्यशिखर नगरपालिकामा उत्कृष्ट युवा किसानलाई 'सुनको कोदालो'

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, ११ असार

शैल्यशिखर नगरपालिकाका मेयर अमर सिंह धामीले आफ्नो पालिका भित्रका एक उत्कृष्ट किसानलाई 'सुनको कोदालो' दिएर सम्मान गरिने घोषणा गरेका छन्। युवाहरुलाई कृषि कर्ममा प्रोत्साहन गर्ने उद्देश्यका साथ 'सुनको कोदालो' कार्यक्रम घोषणा गरिएको मेयर धामीले मध्यान्हलाई बताए।

आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम तथा बजेटमा उक्त कार्यक्रम घोषणा गरिएको छ। नीति तथा कार्यक्रममा भनिएको छ- 'कोरोना भाइरसका कारणले देश विदेशबाट रोजगारी गुमाएर घर बसेका युवाहरुलाई कृषि पेशातर्फ प्रेरित गर्दै १८ देखि ४९ वर्षका युवाहरुमध्ये उत्कृष्ट उत्पादन गर्ने कृषक युवालाई निश्चित मापदण्डका आधारमा 'उद्यमशिल युवा सर्वोत्कृष्ट मेयर कृषक पुरुस्कार' अन्तर्गत १ जना कृषकलाई 'सुनको कोदालो' पुरुस्कार वितरण गरिनेछ।'



त्यसैगरी मालिकार्जुनको निवास मानिने शैल्यशिखरलाई धार्मिक पर्यटनसंग जोडेर नगरपालिका भित्र रहेका शैल्यशिखर धाम, जगतपुरी धाम, चर्मण्यावती नदी, बन्तोली धाम, थाम शिव लिंग, देवथली जगन्नाथ बेतालेश्वर भगवती स्थल लगायतका महत्वपूर्ण धर्मिक क्षेत्रको पर्यटन प्रवर्द्धनमा जोड दिइने मेयर धामीले बताए।

आगामी आब २०७८/७९ मा कर्मचारीहरुलाई प्राप्त हुने पर्यटन काजलाई शैल्यशिखर नगरपालिकाका विभिन्न धार्मिक ऐतिहासिक रमणीय पर्यटन स्थलहरुको भ्रमणमा केन्द्रित गर्न 'शैल्यशिखर नगरपालिका पर्यटन भ्रमण वर्ष २०७८' घोषणा गरिने पनि कार्यक्रममा उल्लेख छ।

गोकुलेश्वर विमानस्थल संचालनका लागि संघीय सरकार रप्रदेश सरकारसँग विशेष पहल गरिने मेयर धामीले बताए। त्यसैगरी प्रधानमन्त्री तथा नगर प्रमुख युवा स्वरोजगार कार्यक्रम सन्चालन गरि कोरोना भाइरसका कारणले रोजगारी गुमाएर घर फर्केका युवाहरुलाई लक्षित गरि नगर भरी विकास निर्माणका कार्यक्रमहरु संचालन गरी युवाहरुलाई रोजगारी प्रदान गरिने मेयर धामीले बताए।

**'विदुर भत्ता'**

त्यस्तै मेयर धामीले एक पटक विवाह गरी हाल एकलरुपमा रहँदै आएका एकल पुरुषलाई वार्षिक १२ सयका दरले 'विदुर भत्ता' वितरण गरिने घोषणा गरेका छन्।

हालसम्म जिल्लाभित्र एकल पुरुषलाई विदुर भत्ता दिने कुनै पनि पालिकाले नीति तथा कार्यक्रममा प्रस्तुत नगरे पनि शैल्यशिखर नगरपालिकाले यस्तो घोषणा गरेको छ।

एकल महिलाले विधुवा भत्ता पाउने भएपनि एकल पुरुषलाई पनि प्रोत्साहन शैल्यशिखर नगरपालिकामा एकल पुरुषलाई पनि प्रोत्साहनस्वरुप बिदुर भत्ता दिने निर्णय गरिएको मेयर धामीले मध्यान्हलाई बताए।

# बाढी पीडितलाई राजधानी युथ क्लबको सहयोग

काठमाडौं/मस- राजधानी युथ क्लबले हेलम्बु बाढीपहिरो पीडितलाई राहत वितरण गरेको छ। मनसुन शुरु भएसँगै बाढीले क्षति पुऱ्याएको सिन्धुपाल्चोक जिल्ला अहिले सबैको नजरमा परेको छ। खासै सरकारको नजरमा नपरेको सिन्धुपाल्चोकवासी अहिले त्रास र पीडामा छन्।

सिन्धुपाल्चोकवासीलाई थुप्रै सामाजिक संघ संस्थाले सहयोग गरिरहेका छन्। यसैक्रममा राजधानीका एक सामाजिक क्लब राजधानी युथ क्लबले सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाको वडा न १ र २ का बाढी पहिरो पीडितलाई सोलार बत्ती लगायत केही खाद्यान्न सहित ५० परिवारलाई राहत वितरण गरेको क्लबका संस्थापक अध्यक्ष आशिष खतिवडाले जानकारी दिएका छन्।



उक्त राहतका साथमा क्लबका संरक्षक रोम प्रधान, प्रकाश राई, अम्बिर गुरुङ लगायत राजधानी युथ क्लबका पदाधिकारीहरु स्वयंसेवकसहित हेलम्बुका क्युल पुगेका थिए। क्लबका संस्थापक सचिब समीर लामाका अनुसार राहत वितरण कार्यक्रममा उपस्थित भएका पीडितहरु राहत पाएपछि निकै खुशी देखिएका थिए।

वडा न १ का वडा अध्यक्ष छिरिङ लामाको रोहवरमा राहत वितरण गरिएको थियो। आगामी दिनहरुमा पनि यसैगरी दुःख पीडामा परेकाहरुलाई सहयोग गर्ने क्लबका संरक्षक रोम प्रधानले प्रतिबद्धता जनाए।

# नदीको बहाव परिवर्तन हुँदा चामे गाउँपालिका उच्च जोखिममा

**नवीन लामिछाने/रासस**
मनाङ, ११ असार

मर्स्याङ्दी नदीको बहाव परिवर्तन हुँदा मनाङको चामे गाउँपालिका-४ का बस्ती क्षेत्र उच्च जोखिममा परेका छन्।

चामे गाउँपालिका-५ स्थित पुलको छेउबाट नदीले दिशा परिवर्तन गर्दै वडा नं ४ तर्फको भागबाट कटान गर्न थालेपछि बस्तीसहित त्यहाँस्थित विद्यालय, होटल, नेपाल रेडक्रस सोसाइटी, वित्तीय संस्थालगायतका दर्जनौं भवन जोखिममा परेका हुन्। लगातारको वर्षाका कारण नदीमा पानीको बहाव उच्च भएको र गाउँपालिका-५ स्थित मोटरेवल पुलले पानीको बहाव छेक्दा जग्गा कटान गर्न थालेको वडा नं ४ वडाध्यक्ष लब्सन लामाले बताए।

'नदीले जग्गा कटान गर्न थालेपछि त्यहाँस्थित लोकप्रिय माध्यमिक विद्यालय, सिटीजन बैंक, प्रभु बैंक, रोयल गार्डेनसहित तीन वटा होटेल र नेपाल रेडक्रस सोसाइटीको भवन जोखिममा परेका छन्', उनले भने, 'तत्काल नदी नियन्त्रणको पहल नभए विद्यालयसँगै बस्तीका बासिन्दासमेत प्रभावित हुने देखिएका छन्।' नदीमा आएको बाढीले मोटरेवल पुललाई डुवाएर बहाव परिवर्तन गरेको उनको भनाइ छ।

माटरेवल मोटरेवल पुलले पानीको बहाव छेक्दा नदीले धार परिवर्तन गरी बग्न थालेको छ। लगातारको वर्षाले नदीको बहाव उच्च भएर धार विद्यालय रहेको क्षेत्र भएर बग्नेक्रमसँगै जग्गा कटान गर्न थालेको छ। विद्यालय नजिकै रहेका दर्जनौं भवनसमेत नदीको उच्च जोखिममा परेको स्थानीयवासी बताउँछन्।

नदीमा पानीको बहाव कम नहुँदा मोटरेवल पुल क्षेत्र बढी जोखिममा रहेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिए। 'बाढीलाई पुलले छेक्दा नदीले बस्तीतर्फ कटान गरेको छ', उनले भने, 'पुललाई हटाउन सक्ने अवस्था पनि छैन, हाल नदीमा बाढी कम हुने अवस्था पनि देखिएको छैन, यसले गर्दा जोखिम अझ बढाएको छ।' पुलको उचाई कम हुँदा नदीको बहावलाई छेक्दा अझ समस्या थपिएको प्रजिअ लामिछानेको भनाइ छ।

नदीले वस्तीतर्फ कटान गर्न थालेपछि स्थानीयवासी त्रसित बनेका छन्। 'नदीले वस्तीतर्फ नै कटान गरेको छ। यसले हामी राति सुत्न पाएका छैनौं, कतिखेर बाढीले बगाएर लग्ने हो भन्ने डरत्रामा हामी बाँचिरहेका छौं', स्थानीयवासी मेलिना गुरुङले भनिन्, 'वस्ती र विद्यालय संरक्षणका लागि तत्काल नदी नियन्त्रण गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्छ।'

**नासोका बाढी प्रभावितलाई राहत**

हिमाली जिल्ला मनाङको नासो गाउँपालिकाका बाढी प्रभावितलाई राहत प्रदान गरिएको छ। नेपाल खेलकुद महासंघ केन्द्रीय कमिटी उपमहासचिव शान्तामाया परियारका अनुसार महासंघको नेतृत्वमा खाद्यान्न सहयोग गरिएको हो। बाढीपहिरोबाट आवास प्रभावितलाई सो सहयोग गरिएको हो।

डिस्याङ मनाङ वुमन सोसाइटी, मनाङ मर्स्याङ्दी फुटबल क्लब, नेपाल आयल निगम, गोर्खा सेमिस्ट्रिस ट्रस नेपाल लगायतको समन्वय र सहकार्यमा राहत सङ्कलन गरी प्रभावितलाई सहयोग गरिएको छ। जिल्लाका चार स्थानीय तहमध्ये बढी क्षति नासो गाउँपालिकामा पुगेको छ। बाढी पहिराले मनाङका प्रायः बस्ती रहेका स्थानमा जोखिम बढ्दै गएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिए। धेरै बस्ती बाढी पहिराले पूर्ण रूपमा विस्थापित भएको उनले बताउनुभयो। मर्स्याङ्दी नदीमा बाढी आउने क्रम नघट्दा अझै पनि समस्या उस्तै रहेको छ।

# बलात्कारको आरोपमा व्यापारी कोकबा पक्राउ



**शुभनारायण कामती/मध्यान्ह**
सिरहा, ११ असार।

बलात्कारको आरोपमा सिरहामा एक व्यापारीलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सिरहाको गोलबजारका व्यापारी महेश साह (कोकबा) रहेका छन्।

बलात्कारको जाहेरी परेपछि प्रहरी टोलीले व्यापारी साहलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। पक्राउ परेका साहलाई अनुसन्धान अगाडी बढाउन जिल्ला अदालत सिरहाबाट ७ दिनको म्याद थप गरिएको इलाका प्रहरी कार्यालय लहानका प्रमुख डिएसपी डा.तपन दाहालले बताए।

व्यापारी साहविरुद्ध बिहीबार इलाका प्रहरी कार्यालय लहानमा जबरजस्ती करणी मुद्दामा जाहेरी दर्ता गरिएको डिएसपी दाहालको भनाइ छ।

पीडित महिलाको जाहेरीको आधारमा आरोपित साहलाई बिहीबार नै पक्राउ गरिएको थियो। बिहीबार राति पक्राउ परेका साहलाई शुक्रबार म्याद थपका लागि जिल्ला अदालत सिरहा ल्याएको थियो।

धनगढीमाई नगरपालिका ९ को कौशल एग्रो ट्रेडर्स (राइस मिल) का संचालक समेत रहेका आरोपित व्यवसायी साह गोलबजार उद्योग व्यापार संघको वरिष्ठ उपाध्यक्ष समेत रहेका छन्।

आरोपित साह गोलबजार र धनगढीमाई नगरपालिकामा राइस मिल संचालन गर्दै आएका छन्। धनगढीमाईमा संचालन गरेको साईस मिल करिब ४० करोडको लागतमा संचालनमा आएको जनाइएको छ। व्यापारी साहलाई पक्राउ नगर्न सिरहा प्रहरीलाई मन्त्री, सांसद, नेतादेखि व्यापारीसम्मले दबाब दिएको प्रहरी स्रोतले जनाएको छ। आरोपित पक्षले पीडितलाई दबाब, प्रभावमा पारेर बयान फेर्न समेत दबाब बढाएको पीडित परिवार पक्षले बताएको छ।

तर, इलाका प्रहरी कार्यालय लहानका डिएपी दाहालले भने कसैको पैसा र पहुँचको आधारमा प्रहरी नचल्ने भन्दै अपराधको प्रकृतिअनुसार कानूनबमोजिम कारबाही हुने दाबी गरे।

# १६ वर्षीया नाबालिकालाई जवरजस्ती करणी गर्ने एक युवक पक्राउ



**सन्तोश पौडेल/मध्यान्ह**
खोटाङ, ११ असार

खोटाङमा एक १६ वर्षीया नाबालिकालाई जंगलमा बोलाएर जवरजस्ती करणी गरेको आरोपमा एक युवक पक्राउ परेका छन्। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका -६ नेर्पाका ३१ वर्षीय अरुण राई पक्राउ परेका हुन्।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका -५ लफ्याङकी एक नबालिकालाई ललाईफकाइ गरि बुधबार राति ९ बजे नजिकैको जंगलमा लगेर जवरजस्ती करणी गरेको खुल्न आएको जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी एवम् प्रहरी निरीक्षक अमरप्रसाद गजमेरले बताए।

पीडित नाबालिकाले राईले आफुमाथि जवरजस्ती करणी गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको र सोही उजुरीको आधारमा राईलाई पक्राउ गरी थप आवश्यक अनुसन्धान गरिरहेको प्रहरी प्रवक्ता एवं प्रहरी निरीक्षक सागर साहले मध्यानलाई जानकारी दिए।

## "संविधान....

गर्दै राष्ट्रपतिले आफ्नो दायित्व पूरा गर्नुपर्ने बताए। ७ जेठमा विघटन गरिएको संसद् पुनर्स्थापना सम्बन्धी मुद्दा संवैधानिक इजलासमा बहस भइरहेको छ। प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा, वरिष्ठतम न्यायाधीश दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा आनन्दमोहन भट्टराईको इजलासमा भइरहेको बहसमा रिट निवेदकका तर्फबाट आइतबार बहस सकिदैछ। रिट निवेदक र विपक्षीलाई १५/१५ घण्टा बहसका निम्ति समय दिइएको छ।

## पाटी...

एमालेमा प्रवेश गरी माओवादी केन्द्र परित्याग गरेकाले उनीहरु निर्वाचित भएको पद स्वतः रिक्त हुने प्रावधानबारे आयोगको ध्यानाकर्षण गर्दै माओवादी केन्द्रले त्यससम्बन्धी सूचना प्रकाशन गर्न पत्राचार गरेको थियो। आयोगको बुधबारको निर्णयले राजनीतिक दलसम्बन्धी नियमावलीबमोजिम निजहरुले दल त्याग गरेकाले निर्वाचित पद स्वतः रिक्त रहने जनाउँदै सूचना प्रकाशन गरिएको हो।

## श्रीलंकामा ...

संघका महासचिव सुजित कुमार श्रेष्ठले भिसा प्रक्रिया सहज पार्न क्यूभीसीसँग नयाँ समझदारी भएको बताएको दुई दिनपछि कावा अध्यक्ष तामाङले प्रक्रिया सहज हुन नसकेको भन्दै सेवा सहज पार्न दबाब दिएका हुन्।

संघका महासचिव श्रेष्ठले बुधबार क्यूभीसीसँग छलफल भई सात बुँदे सहमति भएको भन्दै अबदेखि हरेक महिनाको २० तारेखदेखि २५ तारेखसम्म बिहान ६ बजेदेखि राति १२ बजेसम्म क्यूभीसी एप्वाइन्टमेन्ट प्रणाली खुला रहने, आगामी २ हप्ताभित्र क्यूभीसी एप्वाइन्टमेन्ट स्लट ३ सयबाट बढाएर ४ सय ५० पुऱ्याउन भिसा सेन्टर तयार भएको बताएका थिए।


**Qatar मा रोजगार** Al Shulah Lighting

पुनः विज्ञापन। पूर्व स्वीकृती मिति: २०७७/१२/२२ | चलानी नं. [illegible] | LT.No. 238324

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Electric | 02 | 0 | [illegible] | 1500 | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |
| २. | Driver | 01 | 0 | | 1500 | [illegible] | | | | | | | |
| ३. | Foreman | 01 | 0 | | 2500 | [illegible] | | | | | | | |

अन्तरवार्ता २०७८ असार १९ गते (Jul. 3, 2021) यस प्रा. लि. को कार्यालय चावहिल, काठमाडौंमा हुनेछ।

Euro-Asia Employment Service Pvt. Ltd.
Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197



## खोटे सल्ला काठ लिलाम विक्रीको सूचना

**प्रथम पटक प्रकाशित २०७८/०३/११**

यस चिदाला सामुदायिक वन उपभोक्ता समूह र थनौरा कचुरानी सामुदायिक वन उपभोक्ता समूह छेडागाड नगरपालिका- १२ जाजरकोटको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार वनबाट संकलन भई आव २०७७/०७८ मा उत्पादित छेडागाड न.पा. १२ काँडामा घाटगद्दी गरी राखेको खोटे सल्लाको काठ डिभिजन वन कार्यालय, जाजरकोटको च.नं. १७५७ र च.नं. १७५८, मिति २०७८/०३/११ को लिलाम सहमती अनुसार तपसिलमा उल्लेखित काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र शिलबन्दीको बोलपत्र फाराम सामुदायिक वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय र सवडिभिजन वन कार्यालय जाजरकोटबाट खरिद गरी दाखिला गर्न सकिने छ।

**तपसिल :**

| त्र.स | लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण क्यू.फिट | न्युनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | १ | खोटे सल्ला | गोलिया | A | ५९ | १५५४.२० | २००।- | रु.५०,०००।- | चिदाला सामुदायिक वन उपभोक्ता समूह |
| | | खोटे सल्ला | गोलिया | B | ९ | १२२.२३ | १५०।- | | |
| | | जम्मा | | | ६८ | १६७६.४३ | | | |
| २. | २. | खोटे सल्ला | गोलिया | A | ६० | १२५८.५४ | २००।- | रु.४५,०००।- | थनौरा कचुरानी सामुदायिक वन उपभोक्ता समूह |
| | | खोटे सल्ला | गोलिया | B | ४१ | ४६१.१८ | १५०।- | | |
| | | जम्मा | | | १०१ | १७१९.७२ | | | |



## भगवानपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भगवानपुर, सिरहा

## आशयपत्रको सूचना

**प्रकाशित मिति: २०७८/०३/१२**

प्रस्तुत विषयमा यस कार्यालयबाट हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा मिति 12 May, 2021 गते प्रकाशित निर्माण कार्य गराउने खरिद सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना अनुसार Construction of Balasundari Bhagwati Temple , Contract ID: BRM/03/077-078 ठेक्काको लागि यस कार्यालयमा प्राप्त हुन आएका सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७ को प्रयोजनको लागि देहाय वमोजिमका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सहितको बोलपत्र स्वीकृत गर्ने आशयको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | छनौट भएका वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु. (भ्याट र PS सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | BRM/03/077-078 | श्री रौताहा-अंशुमनजे.भी., काठमाण्डौं | रु. ३,९३,८८,६०२/७० | सम्बन्धित वोलपत्रदाता |

**प्रमुख प्रशासकीय अधिकृत**

# रुकुम पश्चिमका पाँच स्थानीय तहको बजेट ३ अर्ब १८ करोड




**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, ११ असार

रुकुम पश्चिम जिल्लाका ६ मध्ये ५ पालिकाले आगामी आर्थिक वर्ष ०७८/७९ का लागि अनुमानित बजेट सार्वजनिक गरेका छन् । तीन नगरपालिका र दुई गाउँपालिकाले आगामी वर्षका लागि बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन् । रुकुम पश्चिममा तीन नगरपालिका र तीन गाउँपालिका छन् ।

जिल्लाका स्थानीय तहले ३ अर्ब १८ करोड ( झन्डै रु. ४) अर्ब बराबरको अनुमानित बजेट सार्वजनिक गरेका हुन् । त्रिवेणी गाउँपालिकाले भने बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गर्न सकेन । बजेट, नीति तथा कार्यक्रमबारे आफूहरु छलफलमै रहेको गाउँपालिकाले जनाएको छ। त्रिवेणी गाउँपालिकामा बेलाबेलामा विवाद हुँदै आइरहेको छ ।

रुकुम पश्चिमका स्थानीय तहले आफ्ना प्राथमिकताको आधारमा बजेट विनियोजन गरेका छन् । संघ, प्रदेशबाट आएको अनुदान र पालिकाको आन्तरिक आम्दानीको अनुमानका आधारमा बजेटको आकार निर्धारण गरिएको छ । जिल्लाको सबैभन्दा ठूलो नगरपालिका आठबिसकोटले सबैभन्दा बढी बजेट सार्वजनिक गरेको छ । नगरपालिकाले रु ८५ करोड २० लाख ६२ हजारको बजेट सार्वजनिक गरेको छ । चालु तर्फ ३९ करोड ७४ लाख ७२ हजार रहेको उपमेयर गिता नेपालीले जानकारी दिइन् । कुल बजेटको ४६.४५ प्रतिशत हो भने पुँजीगत तर्फ ४५ करोड ४५ लाख ९० हजार २ सय ४० रुपैयाँ रहेको छ । उनका अनुसार बिहीबार पेश गरिएको नीति तथा कार्यक्रम पारित भएको र बजेटउपर छलफल बाँकी भएको मध्यान्हलाई बताइन् । त्यस्तै मुसीकोट नगरपालिकाले पनि आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि ७९ करोड ५७ लाख ५७ हजार बजेट बिनियोजन गरेको छ । उपमेयर प्रेमकुमारी सुनारले नगर सभामा करिब ८० करोड बराबरको बजेट पेश गरेकी हुन् ।

चौरजहारी नगरपालिकाले आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि ५८ करोड ६५ लाख ६९ हजार बजेट ल्याएको छ । सानीभेरी गाउँपालिकाले ४८ करोड ६३ लाखको बजेट ल्याएको छ । बाँफिकोट गाउँपालिकाले जिल्लाका स्थानीय तह मध्ये सबैभन्दा कम ४६ करोड ६७ लाखको बजेट प्रस्तुत गरेको छ । बिहीबार मुलुकभरका ७५३ वटै स्थानीय तहले बजेट सार्वजनिक गरेका छन् । केही स्थानीय तहले बजेट सार्वजनिक गरिसकेका छन् भने केहीले ल्याउँदै छन् । यो स्थानीय तहका जनप्रतिनिधिको अन्तिम कार्यकालको बजेट सार्वजनिक भएको हो ।

लगातार २ वर्षसम्म जारी कोरोना महामारीका कारण विकास बजेट काटेर स्वास्थ्य क्षेत्रमा लगानी बढाएका यहाँका स्थानीय तहले यो वर्ष पनि स्वास्थ्य, शिक्षा, रोजगारी, पूर्वाधार, कृषिलाई प्राथमिकतामा राखेर बजेट सार्वजनिक गरिरहेका छन् ।

# वैशाखयता विपदका घटनाबाट ८४ को मृत्यु, २५ जना बेपत्ता



**काठमाडौं/मस**-बाढी, पहिरो चट्याङ, आगलागी लगायतका विपद्का घटनाका कारण यस वर्षको असार ११ गतेसम्म ८४ जनाको ज्यान गएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वैशाख १ गतेयता विपद्का घटनामा परि २५ जना वेपत्ता भएका छन् ।

वैशाख १ देखि असार ११ सम्ममा पहिरोका ९२ घटना भएको र त्यसमा परि १२ जनाको मृत्यु भएको छ भने एक जना वेपत्ता भएका छन् । पहिरोमा परि १५ जना घाइते हुँदा ४० चौपायाको मृत्यु भएको छ । प्राधिकरणका अनुसार पहिरोका कारण १८ लाख ४७ हजार रुपैयाँको अनुमानित क्षति भएको छ ।त्यस्तै सोही अवधिमा बाढीका ३९ घटना भएको र १३ जनाको मृत्यु भएको छ भने २३ जना वेपत्ता भएका छन् । बाढीका कारण ६ जना घाइते हुँदा ११ चौपायाको मृत्यु भएको छ । अविरल वर्षका कारण ३ जनाले ज्यान गुमाउँदा १ जना घाइते भएका छन् ।

त्यस्तै देशभर सोही अवधिमा चट्याङका ११२ घटना भएका थिए । जसमा परि २५ जनाको मृत्यु हुँदा १ सय जना घाइते भएका छन् भने ५९ चौपायको मृत्यु भएको छ ।

सर्पदंशका पाँच घटना हुँदा ५ जनाले ज्यान गुमाएका छन् भने एक जना घाइते भएका छन् । त्यस्तै वैशाखयता आगलागीका ४ सय २५ घटना भएका प्राधिकरणले जनाएको छ जसका कारण ११ जनाले ज्यान गुमाउँदा ५६ जना घाइते भएका छन् । त्यस्तै डढेलोमा परी ३ जनाले ज्यान गुमाउँदा १ जना घाइते भएका छन् ।

असार ११ गतेसम्मको अवधिमा हावाहुरीका ३० घटना हुँदा १ जनाको मृत्यु भएको छ भने १ जना वेपत्ता र ४ जना घाइते भएका छन् ।

सोही अवधिमा जनावरको आक्रमणमा परि ११ जनाको मृत्यु हुँदा ३९ जना घाइते भएका छन् भने १२ चौपायको ज्यान गएको छ ।

प्राधिकरणका अनुसार सो अवधिमा विपद्का ८७३ घटना हुँदा ८४ जनाको मृत्यु भएको छ भने २५ जना वेपत्ता भएका छन् । २२३ जना घाइते हुँदा ४०८ चौपायाको मृत्यु भएको छ ।

प्राधिकरणका अनुसार विपद्का घटनाका कारण ४२ करोड ९८ लाख ९४ हजार १ सय ९० रुपैयाँको अनुमानित क्षति भएको छ ।

# रेडियो मेलम्ची पुनः सञ्चालनका लागि महासंघ र बस्ती सुधारको सहयोग

**सुशील सुवेदी/मध्यान्ह**
असार ११ मेलम्ची

असार १ गते साँझ आएको बाढीका कारण क्षति भएको रेडियो मेलम्ची पुनः सञ्चालनका लागि नेपाल पत्रकार महासंघ केन्द्रीय समिति र बस्ती सुधार समितिले सहयोग गरेको छ ।

महासंघ, केन्द्रीय समितिले रेडियोलाई रु. ५० हजार सहयोग हस्तान्तरण गरेको हो ।

यस्तै संरचना वस्ती सुधार समिति, तारकेश्वर नगरपालिका-६, काठमाडौंले शुक्रबार रु. १ लाख १ हजार १ सय ११ सहयोग गरेको छ । मेलम्ची नगरपालिकाका प्रमुख डम्बर अर्यालको उपस्थितिमा सो रकम हस्तान्तरण गरिएको हो ।

कार्यक्रममा नगर प्रमुख अर्यालले नगरपालिकाका बाढी प्रभावितहरुका लागि हालसम्म गरिएको कामबारे जानकारी दिए ।

महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष रमेश विष्टले संकटका बेला पनि सूचना प्रवाह गरिरहेको रेडियो मेलम्चीलाई पुनः स्थापना गर्न महासंघले सहयोग गर्ने वचन दिए ।

तारकेश्वर नगरपालिका वडा नं ६ का वडाध्यक्ष मधु कार्कीले रेडियोलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । संरचना वस्ती सुधार समितिका सल्लाहकार पदमबहादुर खड्काले जिल्लामा रहेर निरन्तर सञ्चार कर्ममा लागिरहेको रेडियो मेलम्चीलाई सहयोग गर्न पाउँदा खुसी व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग गर्ने बताए ।



रेडियो मेलम्चीका अध्यक्ष डम्बर रसिक भारतीले रेडियोले हालसम्म व्यहोरेका संकट उल्लेख गर्दै रेडियो बाढीले पूर्णतः क्षति भएकाले पुनः स्थापनाका लागि सबैमा सहयोगका लागि आह्वान गरे ।

महासंघ जिल्ला शाखा सिन्धुपाल्चोकका अध्यक्ष जीवन श्रेष्ठले बाढी प्रभावित महासंघका सदस्य तथा पूर्वअध्यक्ष महेश श्रेष्ठलाई राहतस्वरुप रु. ५० हजार सहयोग हस्तान्तरण गरे । अर्का सदस्य जगन्नाथ दुलाललाई पनि सहयोग गर्ने बताए ।

**राधामाधव समिति र धर्ती फाउण्डेशनको सहयोग**

राधामाधव समितिले मेलम्ची बाढी प्रभावितका लागि विभिन्न सामग्रि सहयोग गरेको छ। शुक्रबार ५० वटा फिल्टर, बाल्टिन,जग, टुथपेष्ट, ब्रस साबुन लगायतको सामग्री सहयोग गरिएको समितिका अध्यक्ष समाजसेवी श्याम खड्काले जानकारी दिए ।

बाढी प्रभावितहरुको लागि अति आवश्यक सामग्री सहयोग गरिएको खड्काले बताए । त्यस्तै धर्ती फाउण्डेशनले मेलम्ची नगरपालिकाका बाढी प्रभावितलाई ग्याश शिलिण्डर सहयोग गरेको छ । फाउण्डेशनका अध्यक्ष श्याम खड्का मार्फत नगरपालिकाका प्रमुख डम्बर अर्याललाई ग्यास हस्तान्तरण गरेका थिए । नगरपालिकाले तत्कालका लागि यसअघि नपाएका ३५ परिवारलाई ग्यास चुलो सहित सामग्री वितरण गरिएको फाउण्डेशनका अध्यक्ष खड्काले बताए। फाउण्डेशनले यसअघि पनि स्वास्थ्य शिविर सञ्चालन तथा सामग्री खरिदका लागि ५० हजार रुपैयाँ सहयोग गरेको थियो ।

**सम्भाव्य फाउण्डेशनको सहयोग**

सम्भाव्य फाउण्डेशनले मेलम्ची बाढी प्रभावित हेलम्बुका विभिन्न घरपरिवारलाई घरायसी सामग्री सहयोग गरेको छ । हेलम्बुका प्रभावित ७ घर परिवारलाई ओढ्ने ओछ्याउने, भाडाकुँडा, शिलिण्डर ,प्रेसर कुकर लगा यतको सामग्री सहयोग गरेको छ। फाउण्डेशनले ग्यास चुलो, बाल्टिन जग लगायतको साम्रग्री सहयोग गर्दै प्रभावितको लागि यथाशक्य छिटो भौतिक सहयोग गर्ने समेत प्रतिबद्धता जनाएको छ ।

फाउण्डेशनले विभिन्न स्थानमा स्वास्थ्य शिविर समेत गरेको छ । मनोवैज्ञानिक प्राथमिक उपचार, मनोसामाजिक परामर्श लगायतको काम गर्दै आएको फाउण्डेशनका आशिष श्रेष्ठले जानकारी दिए। फादर जोइको सहयोगमा हेलम्बु तथा मेलम्चीका बाढी प्रभावितको लागि खाद्य तथा स्वास्थ्य सामग्री सहयोग गर्दै आएको फाउण्डेशनले आगामी दिनमा पनि अझैं सशक्त ढंगले काम गर्ने समेत बताएको छ ।

# पाल्पामा निषेधाज्ञा खुकुलो



**बिकाश काफ्ले/मध्यान्ह**
पाल्पा, ११ असार

पाल्पामा जारी निषेधाज्ञा केही खुकुलो बनाइएको छ । जिल्ला प्रशासन कार्यालय पाल्पामा बसेको डिसिसिएमसिको बैठकले सबै पसल खोल्ने निणर्य गरेको हो ।

यस्तै बैंक तथा वित्तीय संस्थाहरु बिहान १० बजेदेखि ५ बजेसम्म खुल्नेछन् । यस्तै सबै खालका पसलहरु विहान ७ बजेदेखि १२ बजेसम्म खुल्नेछन् । यसअघि अत्यावश्यकीय पसल पनि १२ बजेसम्म खुल्ने भएको हो ।

जारी निषेज्ञालाई खुकुलो बनाउँदै १० दिन थपिएको हो । गत बैशाख १६ गतेदेखि जारी निषेधाज्ञा आज राति १२ पछि सकिँदैछ । जिल्लामा जारी निषेधाज्ञा केही प्रावधान खुकुलो बनाएर २२ गतेसम्मका लागि लम्ब्याइएको छ । यस्तै सार्वजनिक सवारी, विद्यालय, धार्मिक संघसंस्था, शैलुन, पार्लर, होटल तथा रेष्टुरा भने बन्द नै रहने भएको छ ।


## गुल्मी अस्पताल
तम्घास, गुल्मी

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०७८/०३/१२

यस कार्यालयबाट मिति २०७८/०२/२७ मा www.bolpatra.gov.np/egp तथा लुम्विनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना वमोजिम बोलपत्र आह्वान गरिएकोमा अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि सिफारिस भई आएकोमा छनौट भएको निम्न उल्लेखित बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ विशेष परिस्थितिमा खरिद गर्नु परेको कारण बोलपत्र स्वीकृत गर्ने ३ (तीन) दिने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिलः**

| S. N. | Name and Address of Bidders | Name and Address of Bidders | Bid Amount, NRs. | Remarks |
|---|---|---|---|---|
| 1. | GHT/077/78-10 | General Medical Suppliers, Lalitpur | 96,22,953.00 | |

**कार्यालय प्रमुख**



## सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७८/०३/१२**

यस कार्यालयबाट मिति २०७८ जेष्ठ १६ गतेको पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार म्याद भित्र रितपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये न्युनतम् मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट भएकोले सोही ऐनको दफा २७ (२) को प्रयोजनार्थ यस कार्यालयको मिति २०७८ असार ७ गतेको निर्णय अनुसार यो बोलपत्र स्वीकृत आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | न्युनतम् मुल्याङ्कित बोलपत्रदाता | न्युनतम् मुल्याङ्कित रकम VAT समेत |
|---|---|---|---|
| SHM/MOR/G/NCB- 50-2077/078 | The procurement And supply of surgical/Medical iteam At PHC Haraincha | सिंहदेवी जनरल सप्लायर्स,इटहरी,सुनसरी | रु. ८,५१,३१९/- (आठ लाख एकाउन्न हजार तिन सय उन्नाइस रुपैयाँ मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



प्रदेश सरकार
सामाजिक बिकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**रसुवा अस्पताल**
बागमती प्रदेश, नेपाल

**मेडिकल सामग्री आपूर्ति सम्बन्धि बोलपत्र आहवानको सूचना**

**IFB NO: rasuwahospital/emergency/rasuwa/ncb01**
**दोश्रो पटक प्रकाशित मिति : २०७८/३/१२**

१. यस रसुवा अस्पतालको लागि कोभिड -१९ संक्रमण नियन्त्रणसँग सम्बन्धित तपसिल बमोजिमको मेडिकल सामग्री आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनि/संस्थाले देहाय बमोजिमको सर्तको अधीनमा रहेर रितपूर्वकको बोलपत्र (E-bidding: www.bolpatra.gov.np/egp) को मध्यमबाट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।
२. स्वीकृत बोलपत्रदाताले सम्झौता भएको ७ (सात) दिन भित्र मेडिकल सामाग्रीहरु आपूर्ति तथा जडान गरि सक्नुपर्नेछ।
३. थप जानकारीको लागि कार्यालयमा अथवा कार्यालयको इमेलः rasuwa.district.hospital@gmail.com मा सम्पर्क राख्न सकिन्छ।

| S. N. | Contract No: | कामको विवरण | बोलपत्र जमानत रकम | बोलपत्र फारम खरिद अवधि | बोलपत्र फारम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| 1. | rasuwahospital/emergency/rasuwa/ncb01 | Supply, delivery and setting icu bed, ventilator and other equipment | ८,००,००० (आठ लाख मात्र) | सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म | पहिलो पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन बिहान १२ बजे सम्म | पहिलो पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिउसो २ बजे | ५,००० (पाँच हजार मात्र) |



## कतारमा रोजगार | कम्पनी : COMO FACILITIES MANAGEMENT SERVICES
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/११ चलानी नं.: ६०१५९२२४ L.T. No.: 241499

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Maker | 10 | 0 | | 1100 | ३५,७६५ | | | | | | | |
| 3. | Mason | 9 | 0 | | 1100 | ३५,७६५ | | | | | | | |
| 4. | Brick Mason | 10 | 0 | | 1100 | ३५,७६५ | | | | | | | |
| 5. | Foreman | 1 | 0 | | 2500 | ८१,२७५ | | | | | | | |
| 6. | Plaster Worker | 10 | 0 | | 1100 | ३५,७६५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असार १९ गते (03 July 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Wahaa Manpowers Supplier Pvt. Ltd.**
Govt Lic No. 469/060/061, Kalopul- 07, Kathmandu, Nepal., Tel: 4483566, 4481670

## कथा

# निलो साडी

उसले भन्दै थिइन्, 'पोहोर पनि कस्तो राम्रो कुर्ता लगाएकी थिइन् मैतालीले । तिमीले त मलाई त्यतिबेला पनि किनिदिएनौ नि ।' उसले अझै के-के भन्दै थिइन् मलाई । तान्दै थिइन् मेरो पाखुरामा । तर, म भने साडी दाम सम्झँदै नै आँखामा निलो साडीको दृश्य बटुल्दै दिनभरीको कामले लखतरान परेर भुसुक्कै निदाई पठाएछु भुसुक्कै निदाई पठाएछु ।



■ राजनारायण राई, दार्जीलिङ



एक भारी घाँस टाट्नोमा राखेर एकपटक मज्जाले खुईया गरे । लगाएकै कमेज पल्टाईवरी पसिना पुछे । एकक्षण थकाई मार्दै एउटा बिड़ी सल्काए आनि सरररररर तानेर बेसमारी धुवाँ फुकिरहे फुकिरहे । उता आँगनमा अन्तरी भने आफ्नै धुनमा कुखुरालाई चारो छर्दै घरि घरि कराउँछिन् । तु आह आह' तु आह आह'... भन्दै । घरिघरि निकै जोड़ले हा..हा' पनि भन्दैछिन् । हाम्रो अन्तरी उस्तै पो छिन् त आफ्नुलाई काखी चेपि हाल्छिन् । अर्काकोलाई पर पर तिर धपाई हाल्छिन् ।

आज भने अन्तरी सधैंभन्दा निकै जोड़ले बेस्मारी कराईन् त्यो पनि एउटै भालेलाई । मलाई त उदेक लाग्यो त्यतिबेला मनमा आटेस मटेस भई आयो । तब चुप लागेर बस्नु ठ्याक्कै सकिन । मेरो स्वभाव पनि उस्तै छ, केही मननपरे प्याच्चै भनिहाल्छु । मन कालो पारेर बाँच्नु जानिएन । हाराङ्ग हुरुङ्ग फसाङ्ग फुसुङ्ग बानी परेकोले होला चित्त नपरे कराई हाल्छु पनि ।

गाईको गोठबाटै तिखो स्वर परिहाले । 'औ अन्तरी त्यो एउटा रातो भाले त छ नि कुखराको नाममा दुमो । हन् ! त्यो एउटालाई कति साह्रो तु आह आह' तु आह..आह कराको हाऊ । जसकोमा कुखरा नै छैन उसैको पो हल्ला ज्यादा छ त !'

'तिमीलाई चहि के को पिर परेको नि ? न समयमा बस्छ न समयमा नै घर पस्छ त्यो भाले । बरालिने खालको न बैशा छ, न खास जीवन नै छ । बुड़ो बेकामे भाले त्यसको के महत्व । कुकर ठिक पारिराखन बरू भनेर कराई पो दिए ।'

साँच्चै अन्तरीलाई मनमा मेरो शब्द वाणले च्वास्सै परिहालेछ कि क्याऊ र गईन् भाले साले छोड़ी हँसिया टिपेर बारी तिर । सधै त अलिकति केही भनेछु भने रोटि जस्तै पुक्क फुलिएर कम्ति मुख चलाउँछिन् । तर आज भने उसलाई पहिला झैं आक्रमक देखिएन । उ रिसाउँदा पनि पीर, नरिसाए पनि पीर । उसमा अचानक आएको परिवर्तनले अचम्म लाग्यो मलाई त । नत्र उही हो खैला बैला देक्ची हानाहान भनाभन खै ! के के भई सक्ने थियो नि ।

केही बेर पछि म फकाउने निहुँमा चिप्ले घस्दै उसको छेउ बारीमा पुगि हाले । उसको चुपचाप देख्दा बिच्कीलाकी भन्दै उसलाई नम्र स्वरले उसको चुपचापपनलाई भ्रष्ट पारेर भने औ ! अन्तरी यसपाली चाहिँ कुखरा खोजेर हामी पनि लहलह पारौ है ल । यसो कोई बेला सिरूवा खानु पनि हुने यति मात्रै भनिसके उसले स्वभाव देखाउनु थालि त हाल्यो ।

अन्तरीले भन्दै थिइन्, 'औ ! कान्छा तल्लो घरको शकुन्तलाले कम्ति कुखरा राखेको छ । तर, नि त्यो महाको आरिसे पो छ त । अस्ति हाम्रो भाले त्यसको कुखुराको हुलमा पसेछ । आबुई ! कस्तो जोड़ले खेदेको । मलाई पनि रिस उठिहाल्यो भक्कु कराई पो दिए । त्यहाँ देखिको बोलेको छैन मसँग त्यो ।' फेरि भन्दै थिइन्, 'परको मईतेलाई हेर त सुँगुर पालेर पराईले दुईटै छोरोलाई विदेश पठाएको कति भयो । पैसा कमायो उसले अब ढुक्क छ मोटिएछ पनि । उसको स्वास्नीको

> "फेरि भन्दै थिइन्, 'परको मईतेलाई हेर त सुँगुर पालेर पराईले दुईटै छोरोलाई विदेश पठाएको कति भयो । पैसा कमायो उसले अब ढुक्क छ मोटिएछ पनि । उसको स्वास्नीको गलामा हेर त सुनको हार कम्ति ठूलो छ । पराई हातभरी पहेंलै परेछ । मसँग बात मार्दा त झन् औंठी लगाएकै हात पो बात बातमा हल्लाउँछीन् त पराई । तिमीले चाहिँ खोई मलाई नाकमा सानो ढुङ्ग्री पनि बनाईदिनु सकेनौ हगी ? उहिले देखिको आजसम्म ल ल भन्दै अब यति धोखामै मरिने रहेछु म ।' भनेर उसले बिस्वाद मन बनाएर फेरी चुप हुन्छिन् ।

गलामा हेर त सुनको हार कम्ति ठूलो छ । पराई हातभरी पहेंलै परेछ । मसँग बात मार्दा त झन् औंठी लगाएकै हात पो बात बातमा हल्लाउँछीन् त पराई । तिमीले चाहिँ खोई मलाई नाकमा सानो ढुङ्ग्री पनि बनाईदिनु सकेनौ हगी ? उहिले देखिको आजसम्म ल ल भन्दै अब यति धोखामै मरिने रहेछु म ।' भनेर उसले बिस्वाद मन बनाएर फेरी चुप हुन्छिन् ।

मलाई पनि बिस्वाद लागेर आयो । आखिर स्वास्नी भनेको जस्तै स्वाभावमा होस् दुःख सुखको साथी नै हुँदो रहेछ । साँच्चै त्यसलाई एउटा सानो ढुङ्ग्री बनाइदिनु भनेको त्यतिकै भईराखेको छ । अब यो गाई पालेर सुन कमाउनु पनि नाप्पिस आफ्नै अनुहार लोबारनु मनलाग्छ मलाई त । आफ्नु नभए पनि अरूकै बिषयमा उसको गनथन सुन्दा सुन्दै बारी पनि सफा गरिसकेछौ हामी बुढाबुढीले । उतिबेला झमक्क रात हुन लागिसकेको थियो । उ गईन् भान्सा घरतिर बत्तिएर हतार साथ । म लागे गाईलाई घाँस हाल्नु गोठतिर ।

बेलुकी गोठको काम सकेर हातमुख धोई एकक्षण आराम गरियो । त्यसपछि बेलुकीको खाना खाइवरी ओछ्यानमा ढल्किए । छात्ती भरिको दुःख दिनभरीको थकाईलाई बिड़ीको धुवाँसंगै मुस्लो बनाएर मुखबाट फुकि पठाउँछु निरान्त...।

उसले भान्सा घरको काम ठामठिम पारि ओछ्यानमा पसी । मेरो नजिक टाँसिएर उसले भन्दै थिइन्, 'औ ! कान्छा यसपाली दशैंमा मलाई साड़ी किनिदेउ ल ।'

मैले भने, 'ल ल त्यो भैहाल्छ ।' उ खुशी भइन् मलाई च्याप्पै समातेर आङ्गालेर म्वाइँ खाईन् ।

फेरी उ भन्दै थिइन्, 'मलाई त नि माथिल्लो घरको मईतलीले लगाएको निलो साड़ी खुब मनपरेको छ, त्यस्तै किनिदेउ ल ।' मैंले ल ल हुन्छ किनिदिन्छु भनिदिए ।

उसले भन्दै थिइन्, 'पोहोर पनि कस्तो राम्रो कुर्ता लगाएकी थिइन् मैतालीले । तिमीले त मलाई त्यतिबेला पनि किनिदिएनौ नि ।' उसले अझै के-के भन्दै थिइन् मलाई । तान्दै थिइन् मेरो पाखुरामा । तर, म भने साड़ी दाम सम्झँदै नै आँखामा निलो साडीको दृश्य बटुल्दै दिनभरीको कामले लखतरान परेर भुसुक्कै निदाई पठाएछु भुसुक्कै निदाई पठाएछु ।

## लघुकथा

रन्जना पराजुली लम्साल
काठमाडौ



# चोर

> 'चोर'.चोर'.चोर'.चोर ।' चिच्याए बेसरी । बरुणको चिच्याएको स्वरले जऱ्याक-जुरुक उठे छोराछोरी र श्रीमती । वल्लो पल्लो घरका पनि दौडदै आएर खै चोर भन्दै सामाजिक दुरि कायम गरि सोध्न थाले । बरुणकि श्रीमती र छोराछोरीले परैबाट छिमेकीलाई चोर देखाउदै चोरको गतिविधि सुनाउन थाले । बिचरो चोर दायाँबायाँ हेर्नु त के सासै नफेरी खपाखप भातको गाँस टिप्दै थियो ।

बाह्र बजे दिउँसोको मध्य घाम जेठको महिना । जतातत‌ै चकमन्न लकडाउनको समय । कोरोनाको पहिलो लहर अलिकति शान्त भएपछि अस्तब्यस्त भएको आफ्नो सानो व्यवसायलाई मिलाउदै थिए बरुणले । लगत्तै शुरु भयो कोरोनाको दोस्रो लहर । पहिलो लहरको आठ-नौ महिनाको बसाईमा जनतन चार जनाको परिवारलाई धानेका बरुण दोस्रो लहर लड्दा आतिन थाले । अझै तेस्रो, चौथो, पाचौं भन्दै गरेका अनावश्यक हल्लाले बरुण मात्र होईन सबैको मनमा त्रास फैलिन थाल्यो ।

एक छोरा एक छोरी र श्रीमती बिहानको खाना खाएर थान्को मुन्को गरि टिभी हेर्दाहेर्दै निदाएछन् । अलिक दिन त बरुण पनि निदाए दिउँसोमा । पछि पछि भने निन्द्रा होईन चिन्ता आउन थाल्यो । के गर्दा कसो गर्दा ठिक होला । कसरी व्यबहार टर्ला भन्दै भित्र बाहिर गर्दागर्दै दिन कट्थ्यो ।

यसैगरी गेट खोलेर बाहिर निस्की पर-पर हेर्दै थिए । घाम बेस्सरी चर्किएको थियो । छेउछाउका रुखका पात कति हल्लिएका थिएनन् । 'हावा चलेको भए पो यी बोटका पातहरु हल्लिउन । उफ, कति गर्मी बढेको' भन्दै बरुण भित्र पसे गेट बन्द गरेर ।

सुनसान घर । मस्त निदाएका श्रीमती र छोराछोरी उठेका थिएनन् । त्यही बेला भान्सामा आएको सऱ्याक-सुरुक, सऱ्याक-सुरुक आवाज सुनेर बरुणका कान ठाडा भए र विस्तारै भान्सामा छिरे बिरालो पो पस्यो कि भन्दै ।

'चोर'.चोर'.चोर'.चोर ।'

चिच्याए बेसरी । बरुणको चिच्याएको स्वरले जऱ्याक-जुरुक उठे छोराछोरी र श्रीमती । वल्लो पल्लो घरका पनि दौडदै आएर खै चोर भन्दै सामाजिक दुरि कायम गरि सोध्न थाले । बरुणकि श्रीमती र छोराछोरीले परैबाट छिमेकीलाई चोर देखाउदै चोरको गतिविधि सुनाउन थाले ।

बिचरो चोर दायाँबायाँ हेर्नू त के सासै नफेरी खपाखप भातको गाँस टिप्दै थियो ।

## कविता

# सुनगाभा



निम्बतरू, मालारानी, अर्घाखाँची



सुनगाभाहरु परजीवि होइनन्
रुखका हाँगा र कापमा उम्रने गरेपनि
यीनले ऐंजेरुले झैं
आफू चढेकै वृक्षमा जरा गाडेर चुस्दैनन् वृक्ष रस ॥

कौतुहलमय छ सुनगाभाको फूल
रंगीचंगी र मधुर बासनायुक्त
फूलहरुलाई माउबोटबाट काटेर
फूलदानीमा राख्दापनि मोहनी रुप ओइलाउँदैन
रङ खुइलदैंन सुनगाभाको ॥

पहराका ठुला-ठुला ढुङ्गाका कापमा
लटरम्म फुलिरहेछन् सुनगाभाहरु
कोही रुख चढ्दै नचढेर जमिनमा फुल्छन् ॥

ऐंजेरु त वृक्षभन्दामाथि पुगेर
आफुलाई अग्लो ठान्छन्
तिनीहरु सुनगाभा झैं भँवरा र माहुरीसँग रमाउन जान्दैनन्
भूइँ तर्फ लत्रेर फुल्न पनि जान्दैनन् ऐंजेरुहरु
कहिल्यै फुलेको भए पो भन्नु ॥

पुष्पाकृति र रङशोभाले सु-शोभित
मेरो हृदय यही सुनगाभा थियो
तिम्रो मुटुको वृक्षमा टेकेर उम्रेको भएर
लाग्ने सुनगाभा र ऐंजेरु एकै खाले हुन्
तर बेग्लै रहेछ
सुनगाभा परजीवी होइनरहेछ ॥

सँगसँगै ढल्नेछन् वृक्ष ढले
सुनगाभा मृत वृक्षको मुडोमा पनि फुल्दछ उम्रेर
ओठमा रंगीन मुस्कानका साथ ॥

केही याद यद्यपी छातीमा सुनगाभा सरह रहे
तर, मेरो पहिचान छिप्ने गरि
फैलियो तिम्रो अपरिपक्वताको ऐंजेरु
वृक्षमा चढेर उम्रने जति सबै सुनगाभा नहुनेरहेछ ॥

# पाँच मुक्तक



हरिकृष्ण काफ्ले, रौतहट

अरु भन्छन् सुख्खा बगर, म पानीको सोती देख्छु,
मैंले टेक्ने हर पाइलाको, माटोमा म मोती देख्छु ।
अरु सबै रातलाई अँध्यारोको संज्ञा दिन्छन्,
म त त्यही रातभित्र, जग्मगाउँदो ज्योति देख्छु ॥

वेशकिमती पोशाक लाउँछन्, सुनचाँदीको बटम हालेर ।
मान्छे बनि हिँडछन् मान्छे, मानवता चैं कम पालेर ।
मान्छेबाटै आज मान्छे प्रताडित भएको छ,
कोही चाहन्नन् मान्छे बन्न, आफु भित्रको अहम् फालेर ॥

चिथोरेर घाउपार्न, एउटै नङ्गा काफी हुन्छ ।
जुनकिरीको फौज पछार्न, एउटै फट्याङ्गा काफी हुन्छ ।
चाहेजति गगनचुम्बी हैसियतको किन नहोस्,
शीशमहलको सेखिझार्न, एउटै मट्याङ्गा काफी हुन्छ ॥

बिना पखेटा उड्ने त मन न हो ।
निर्दोष उमेर त बचपन न हो ।
भोगी हुन् वा त्यागी फरक के नै छ र ?
सबैले फोज्ने त धन न हो ॥

भन्नलाई त आफ्ना हुन्छन्, रंग देखाउँछन् पराई जस्तो ।
अहोरात्र चुसिराख्छन्, पतेरा र लाई जस्तो ।
कतिपय आफ्नाहरु केवल त्यस्तै मात्रै हुन्छन्,
दुःख पर्दा काम नआउने, म्याद गुज्रेको दबाई जस्तो ॥

# बक्स अफिस समाचार

## 'सिन्धु सहयोग कोष'मा एकैदिन ३२ लाख संकलन



**काठमाडौं/मस–** सिन्धुपाल्चोकका बाढी प्रभावितहरुको लागि सहायता जुटाउन गठन गरिएको कलाकारहरुको समितिले एक दिनमै झण्डै ३२ लाख संकलन गरेको छ । सिन्धुपाल्चोकका बाढी प्रभावितको व्यवस्थापनका लागि गत साता अभिनेता कृष्ण मल्ल संयोजकत्वमा कलाकारहरुको समिति गठन गरिएको थियो ।

बिहीबार काठमाडौंमा भएको समितिको भेलाले 'सिन्धु सहयोग कोष' स्थापना गरेको छ । त्यहाँ २ दर्जनभन्दा बढी कलाकारले व्यक्तिगत वा संस्थागत रुपमा सहयोगको घोषणा गरेका छन् । कोषका संयोजक मल्लका अनुसार झण्डै ३२ लाख रुपैयाँ सहयोगको घोषणा छ ।

घोषणा भएको उक्त रकम सिधै बैंक खातामा जम्मा गरिने मल्लले जानकारी दिए । 'कोषमा पहिलो दिनमै झण्डै ३२ लाख रुपैयाँ सहयोगको घोषणा भएको छ' मल्लले भने, 'हामी बैंक खाता खोल्दैछौं । जसले सहयोगको घोषणा गर्नुभएको छ उहाँहरुले रकम सिधै खातामा जम्मा गर्नुहुनेछ ।'

कलाकारहरुले थप सहायताका लागि देश तथा विदेशमा रहेका मानिसहरुसँग अपिल पनि गरेका छन् । रकम बैंकमा जम्मा भएपछि पाँचपोखरी, हेलम्बु र मेलम्चीका बाढीपीडितको लागि अस्थायी आवास निर्माणमा सहयोग गर्न सुरु गरिने जनाईएको छ ।

शनिबार पुनः बैठक बसेर थप योजना बनाउने तयारी रहेको अभिनेता एवं सहयोग कोषको संयोजक मल्लले जानकारी दिए । राष्ट्रिय ज्येष्ठ नागरिक महासंघले घर आवास निर्माणका लागि ५ लाख रुपैयाँ सहयोग गरेको छ । यस्तै, सोभित उप्रेतीले घर तथा आवास निर्माणका लागि ११ लाख सहयोग गरेका छन् ।

## सन्ध्याले कसिन् लगनगाँठो



**काठमाडौं/मस–** अभिनेत्री सन्ध्या केसी वैवाहिक जीवनमा बाँधिएकी छन् । उनले शुक्रबार प्रेमी आभूषण ज्योति कंसाकारसँग कानुनी रुपमा विवाह गरेकी हुन् । सामाजिक सञ्जालमा श्रीमानसँगका केही रोमान्टिक तस्विर शेयर गर्दै उनले विवाह गरेको जानकारी दिएकी हुन् । उनले स्थिति सामान्य भएपछि धार्मिक रुपमा विवाह गर्ने बताएकी छन् । आभूषणसँग उनी करीब २ वर्षदेखि अफेयरमा थिइन् ।

सन्ध्याले फेसबुकमा लेखेकी छन्, 'हामीले विवाहित जोडीको रुपमा एक सुन्दर यात्रा सुरु गर्न हात मिलाएका छौं । म आभूषणसँग विवाहको खबर सार्वजनिक गर्दा रोमाञ्चित महसुस गर्दैछु । धार्मिक रुपमा हामी एक हुन बाँकी छ, जुन हामी स्थिति सहज भएपछि गर्नेछौं । त्यतिन्जेल तपाईंहरूको स्नेह र आर्शिवाद चाहन्छौं । आजदेखि हामी एक्लै हिंड्ने छैनौं । हाम्रो हृदय हाम्रो आश्रय हुनेछ ।'

भिजेको रुपमा करिअर सुरु गरेकी सन्ध्याको डेब्यू फिल्म 'ड्रिम्स' हो । यसमा उनी सहायक अभिनेत्रीको रुपमा थिइन् । उनले 'कमलेको बिहे, पण्डित बाजेको लौरी, कथा काठमाण्डू' लगायतका फिल्ममा पनि अभिनय गरिसकेकी छन् । 'कमलेको बिहे' भने निर्माण सकिएको वर्षौं भइसके पनि प्रदर्शनमा आउन सकेको छैन । उनले केही म्यूजिक भिडियोमा पनि अभिनय गरेकी छन् ।

## चलचित्र 'प्रेमगञ्ज'का लागि गायक र गायिकाको खोजी




**काठमाडौं/मस–** चलचित्र चौतारीको ब्यानरमा निर्माणमा हुन लागेको नयाँ चलचित्र 'प्रेमगञ्ज' को लागि गायक र गायिकाको खोजी हुँदै छ । यसअघि चलचित्रका लागि नायक नायिकाका साथै अन्य कलाकारको लागि पनि यसरी नै खोजी र छनोट गरिएको थियो ।

विगत २५ वर्षदेखि नेपाली फिल्म जगतमा स्पट ब्वाईको रुपमा काम गर्दै आएका राजु फुयाँल यस चलचित्रको निर्माता रहेका छन् ।

'प्रेमगञ्ज' विशुद्ध प्रेम कथामा आधारित रहेको छ । मुख्य कलाकारमा नायक तेज गिरी र नायिकामा बेनिशा हमाल र सम्पदा बानियाँ रहेका छन् । सुप्रिया खनाल, राइडर प्रशान्त, सिमरन खड्का र आयुषी ढकाल अडिसनबाट छानिएका हुन् । फिल्मका अन्य कलाकारमा नरेश पौडेलल, रश्मी भट्ट, पबन भट्टराई, सन्जोग रसाइली, गीता अधिकारी, अन्चित ढुङ्गाना लगायतको अभिनय रहने छ ।

परिच्छेद सेनको निर्देशनमा बन्न लागेको फिल्मका कार्यकारी निर्माता अनन्तमान श्रेष्ठ हुन् भने छायांकनको जिम्मा सञ्जय लामाको काँधमा छ ।




अगिनसाईर कृष्णासवरन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सितापुर, सप्तरी
प्रदेश नं. २, नेपाल

कारोना भाइरसको दोस्रो लहरलाई कसरी रोकथाम गर्ने ?

जनहितमा जारी सन्देश

कोरोना भाइरस संक्रमित व्यक्तिले खोक्दा, हाच्छिउँ गर्दा मुख र नाकबाट निस्किएको पानीका स–साना थोपा तपाईका आँखा, नाक र मुखमा पुगेपछि फैलन्छ । बिरामीबाट निस्किएको ऱ्याल टाँसिएको ढोकाका चुकुल, कलम, भऱ्याङजस्ता वस्तु छुँदा र हात मिलाउँदा पनि भाइरस फैलन सक्छ ।

सामान्य लक्षण: रुघा लाग्नु शरीर दुख्नु | घाँटी दुख्नु | सास फेर्न अप्ठेरो हुनु | शुक्खा खोकी लाग्नु | ज्वरो आउनु

रोकथामका उपायहरु:

मास्कको प्रयोग गर्नेः खोकी लाग्दा डिस्पोज गर्न मिल्ने खालको टिस्यु पेपर वा मास्क प्रयोग गर्नुहोस र तत्काल डस्टबिनमा फ्याँक्नुहोस । एउटै मास्क एक दिन भन्दा बढी प्रयोग नगर्नुहोस ।

व्यक्तिगत सामान नबाँड्नेः कलम, माउस र डिजिटल उपकरण जस्ता अरुका व्यक्तिगत सामान प्रयोग नगर्नुहोस् ।

आफ्नो अनुहार नछुनेः आफ्नै आँखा, कान र नाक नछुनुहोस । किनभने यहीं बाट तपाईको शरीरमा भाइरस प्रवेश गर्न सक्छ ।

सामाजिक दूरी कायम गर्ने : सम्भव भएसम्म धेरै मानिस भेला हुने सभा सम्मेलनमा नजानुहोस् । किनभने त्यस्ता ठाउँमा बिरामी छ र कसलाई संक्रमण छ भन्ने तपाईलाई थाहा हुँदैन ।

राम्ररी हात धुने : शंकास्पद दूषित सतह छोएपछि साबुन पानीले राम्ररी हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने ।

स्वास्थ्य सल्लाह लिन नहिच्किचाउनेः बिरामी हुने बितिकै स्वास्थ्य सल्लाह लिनु राम्रो हुन्छ । भाइरसका लक्षण देखिए तत्काल चिकित्सकलाई देखाउनुहोस ।

आफ्नो मानसिक स्वास्थ्यलाई सबल राख्नुहोस

फुर्तिलो रहनुहोस : आफ्नो दिमाग र शरीरलाई हल्का व्यायाम, योग वा ध्यानजस्ता गतिविधिहरुमा संलग्न गराउनुहोस । आवश्यक परेमा विज्ञहरुको सहयोग लिन नहिच्किचाउनुहोस ।

फुर्तिलो रहनुहोस : कोभिड-१९ महामारीको अवस्था सबैका लागि तनावपूर्ण समय हो । च्याट वा भिडियो कलजस्ता प्रविधिको सदुपयोग गरी आफ्ना प्रियजनहरुसंग सम्पर्कमा रहनुहोस ।

मिथ्या र गलत समाचारबाट पन्छिनुहोस : सबैले मिथ्या र वास्तविक समाचारबीच भिन्नता बुझ्न जरुरी छ । तपाईले सामाजिक सञ्जालमा पढ्ने सबै सामग्री सत्य हुदैनन् । सकेसम्म सामाजिक सञ्जालमा बिताउने समय सीमित गर्नुहोस ।

तपाईं हामी सबैले घरमै बसेर जनस्वास्थ्यका सबै मापदण्ड पालना गरे मात्र संक्रमितको संख्या घट्ने निश्चित हुन्छ । यसर्थ हामीले उतिकै सतर्कता अपनाउन जरुरी छ । निषेधाज्ञाका नियमहरु पालना गरौं ।



कोभिड-१९ का कुनै पनि लक्षण देखिने बित्तिकै आइसोलेसनमा बसौं
कोरोनाबाट आफू पनि सुरक्षित रहौं, अरूलाई पनि सुरक्षित राखौं

कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं

मास्क लगाऔं | भौतिक दूरी कायम गरौं | बेलाबेलामा साबुनपानीले हात धोऔं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**